# बरेङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हुग्दिशिर, बागलुङ
## गण्डकी प्रदेश, नेपाल
## २०७३


पत्र संख्या : २०८०/०८१

चलानी नं. :

मिति : २०८०।११।१५

## ४२ औ मगर दिवसको शुभकामना सन्देश

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषता र अनेकतामा एकता र विविधतामा सहिष्णुता भएको मुलुक हो जुन विशेषता बरेङ गाउँपालिकाभित्र पनि विद्यमान छ ।यसै सन्दर्भमा फागुन १५ गते मङ्गलबार देश विदेशमा र गाउँपालिकाका विभिन्न स्थानमा मगर एकता दिवस मनाईँदैछ। मगर समुदायले आफ्नो पहिचानलाई जोगाउनुका साथै एकताको मालामा गाँस्ने दिनका रूपमा विगतमा जस्तै यस वर्ष पनि देशभर विभिन्न कार्यक्रमका साथ ४२औ मगर दिवस मनाउदै हुनुहुन्छ। यस दिवसले सम्पूर्ण नेपालीहरूमा आपसी मित्रता, भाइचारा, बन्धुत्व, सदभाव र सहिष्णुताको साथै एकता सधै कायम रहोस् भन्ने उद्देश्य बोकेर अगाडि बढेको महसुस हामीले गरेका छौं।

नेपालको जनगणना २०७८ बमोजिम नेपालको कुल जनसंख्याको ६.९ प्रतिशत मगर जातिको रहेको छ भने बरेङ गाउँपालिकाको धरधुरी सर्वेक्षण २०७९।०८० को तथ्याङ्क अनुसार गाउँपालिकामा झण्डै ४० प्रतिशत जनसंख्या मगर समुदाय रहेको छ ।फागुन १५ मगर समुदायको चाड मात्र नभएर मगर समुदाय एकजुट भएको दिनपनि भएकाले यस अवसरमा बरेङ गाँउपालिकाले यस दिनलाई सभ्य, भव्य र विशेष दिनका रूपमा लिदै यस दिवसको अवसरमा सार्वजनिक बिदा दिने निर्णय सङ्गै आफ्नो वार्षिक क्यालेन्डरमा समेत सार्वजनिक गरिसकेको सर्वविदित नै छ। यस वर्षको फागुन १५ मगर दिवसको अवसरमा बरेङ गाँउपालिका लगायत देश विदेशमा रहनुभएका सम्पूर्ण आम मगर समुदाय र नेपाली आमा बुबा दाजुभाइ दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं।

कृष्ण प्रसाद शर्मा
अध्यक्ष
गाउँ कार्यपालिकाको कार्यालय,
बरेङ गाउँपालिका, बागलुङ